# ऐसेलुखर्क गाउँपालिका

## गाउँप्रहरी व्यवस्थापन कार्यविधि, २०७५

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :**..............................

नेपालको संविधानले दिएको स्थानीय तहको अधिकार प्रयोग गर्न साथै स्थानिय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम ऐसेलुखर्क गाउँपालिका क्षेत्रमा गाउँ प्रहरीको व्यवस्था गरी शान्ति सुव्यवस्था अमनचयन कायम गर्दै गाउँपालिकाको नीति नियमलाई प्रभावकारी कार्यान्वयन गराउन बान्छनीय देखिएकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क (१). ले दिएको अधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "ऐसेलुखर्क गाउँपालिका, गाउँ प्रहरी व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा , -

(क) **गाउँ प्रहरी"** भन्नाले स्थानिय सरकार संचालन् ऐन २०७४ को दफा ११को उपदफा (२) क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

(ग) **"कार्यक्षेत्र"** भन्नाले यस गाउँपालिकाले ओगटेको भुभाग वा गाउँपालिकाको भित्री ठाउँ बिशेषलाई वा वडाले ओगटेको भुभागलाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले गाउँपालिका कार्यालय र वडा कार्यालय दुवैलाई सम्झनु पर्छ ।

(ङ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"पदपुर्ति समिति"** भन्नाले दफा ६ बमोजिमको पदपुर्ति समिति सम्झनु पर्छ ।

(छ) **"कर्मचारी"** भन्नाले गाउँपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत निजामती सेवा नियमावली अन्तर्गत नियुक्त भएका कर्मचारी सम्झनु पर्छ ।

(ज) **"वरिष्ठ समेत"** भन्नाले वरिष्ठ गाउँ प्रहरी भनि सम्झनु पर्छ ।

(झ) **"करार"** भन्नाले अनुसची १ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्यकता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ ।

@ऐसेलुखर्क गाउँपालिका

## परिच्छेद २

## गाउँ प्रहरीको श्रेणी, पद र कार्यालय सम्बन्धि व्यवस्था

**३. श्रेणी र पद :**

(क) गाउँ प्रहरी राजपत्र अनङ्कित र श्रेणी विहिन सरह हुनेछ ।

(ख) गाउँपालिका गाउँ प्रहरीको श्रेणी र पद देहाय अनसार हनेछ ।

(१) बरिष्ठ गाउँ प्रहरी - राजपत्र अनङ्कित चतुर्थ श्रेणी

(२) गाउँ प्रहरी - श्रेणी विहिन

**४. पदसंख्या निर्धारण :**

(क) गाउँपालिका नगर प्रहरीको पदसँख्या देहाय बमोजिम निर्धारण हुनेछ ।

(१) गाउँपालिकाका प्रत्येक वडाहरुमा कम्तीमा १ जना गाउँ प्रहरी र गाउँ कार्यपालिकाको कार्यालयमा कम्तीमा १ जना गाउँ प्रहरी (१ जना बरिष्ठ गाउँ प्रहरी समेत) को अनिवार्य रुपमा व्यवस्था हुने गरी गाउँ प्रहरीको पदसँख्या निश्चित गर्नुपर्नेछ ।

(२) गाउँपालिकाका वडाहरुमा गाउँ प्रहरीको संख्या निर्धारण गर्दा वडाको जनसंख्यालाई आधार बनाई प्रत्येक पाँच हजार जनसंख्याको लागि १ जना गाउँ प्रहरी खटिने गरी सोही अनुसार पदसंख्या निर्धारण हुन सक्नेछ ।

(ख) दफा ४ को उपदफा १ र २ अनुसार पदसंख्या निर्धारण गर्ने कार्य गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**५. कार्यालय सम्बन्धि व्यवस्था :**

(क) गाउँ प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय वा गाउँपालिका अन्तर्गतका वडा कार्यालय वा वडा कार्यालयले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

(ख) बरिष्ठ गाउँ प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

## परिच्छेद ३

## पदपुर्ति सम्बन्धि व्यवस्था

**६. गाउँ प्रहरी सेवाको पदपुर्ति :**

(क) बरिष्ठ गाउँ प्रहरीको पदपुर्ति नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सुरक्षा निकायका अधिकृत अनुसुची २ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ख) गाउँ प्रहरीको पदपुर्ति अनुसुची २ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ग) गाउँ प्रहरीको पदपुर्ति गर्दा समावेशी तरिकाले हुने गरी भर्ना गर्नु पर्छ ।

(घ) गाउँ प्रहरीको पदपुर्ति गर्दा दफा ४ बमोजिम चाहिने पदसंख्या अनुसार नेपालको सविंधान एवं प्रचलित ऐन कानुनमा विद्यमान रहेको समावेशिताको व्यवस्था अनुसार भर्ना गर्नु पर्छ ।

**७. पदपुर्ति समितिको गठन :**

(क) गाउँ प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन हुनेछ :-

(१) प्रमुख प्रशासकीय अधिृकत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - अध्यक्ष
(२) जिल्ला/इलाका प्रशासन कार्यलयको प्रशासकिय अधिकृत - सदस्य
(३) जिल्ला/इलाका प्रहरी कार्यालयको प्रतिनिधि - विज्ञ सदस्य
(४) अवकाश प्राप्त अधिकृत स्तरको गाउँ/नगर प्रहरी वा सुरक्षाकर्मी - सदस्य
(५) गाउँकार्यपालिका कार्यालय प्रशासन शाखाको नायब सुब्बा - सदस्य सचिव

(ख) उपदफा (क) बमोजिम गठन भएको पदपर्ति समिति मा विज्ञ सदस्यको रुपमा राखिएका अवकाश प्राप्त अधिकृत स्तरको गाउँ/नगर प्रहरी वा सुरक्षाकर्मी आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

**८. पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(क) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ ।

(१) गाउँ प्रहरी (वरिष्ठ समेत) को पाठयक्रम निर्धारण गर्ने,
(२) पदपुर्ति कार्यतालिका बनाउने,
(३) परीक्षाको किसिम तोक्ने,
(४) पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,
(५) परीक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र
(६) नियुक्तिको लागि सिफारिश गर्ने ।

(ख) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ ।

**९. न्युनतम योग्यता :**

गाउँ प्रहरी (वरिष्ठ समेत) पदमा खुल्ला प्रतियोगिताद्धारा पुर्तिको लागि चाहिने न्युनतम योग्यता अनुसुची २ मा उल्लेख भए बमोजिम हनेछ ।

**१०. विज्ञापन प्रकाशन :**

(क) पदपुर्ति समितिले पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा ३० दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको बिषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(१) पदको नाम,

(२) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने ),

(३) दरखास्त दिने म्याद र स्थान,

(४) दरखास्त दस्तुर,

(५) आवश्यक न्युनतम शैक्षिक योग्यता,

(६) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

(७) सम्पर्क मिति र स्थान,

(८) परिक्षाको तरिका र

(९) अन्य शर्तहरु

(ख) पदपुर्ति समितिले दफा १० को उपदफा (क) बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र बिषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठक निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

**११. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा :**

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसुची ३ र अनुसुची ४ मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रतिलिपी उप्लब्ध गराइनेछ ।

**१२. परिक्षा संचालन :**

(क) पदपुर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरी परीक्षा संचालन हुनेछ ।

(ख) उपनियम (क) बमोजिम परीक्षा संचालन गर्दा हरेक परिक्षाको नतिजा प्रकाशन भए पश्चात्त क्रमवद्ध ढंगले परिक्षा संचालन हुनेछ ।

**१३. नतिजा प्रकाशन :**

(क) उम्मेदवारले प्रथम परिक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परिक्षामा सामेल हुन पाउनेछन ।

(ख) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परीक्षा अघिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(ग) पदपुर्ति समितिले अन्तिम प्रकारको परीक्षा संचालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उतिर्ण बाहेक एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(घ) पदपुर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

**१४. नियुक्ति गर्ने अधिकारी :**

(क) पदपुर्ति समितिले अख्तियारवाला समक्ष सिफारिश भई सो को अनुमोदन भए पश्चात्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(ख) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्ति दिनुपर्ने छ ।

**१५. परीक्षण काल :**

(क) गाउँ प्रहरी (वरिष्ठ समेत) पदमा नियुक्ति पाएको गाउँ प्रहरीलाई १ महिनासम्म परिक्षण कालमा राखिनेछ ।

(ख) उपनियम (क) अनुसार परिक्षण काल सन्तोषजनक भएको खण्डमा निजको नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

**१६. नियुक्ति वदर हुन सक्ने अवस्था :**

(क) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले गाउँ प्रहरी (वरिष्ठ समेत) को नियुक्ति वदर गर्न सक्नेछ ।

(१) परिक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा अनुसुची ५ मा तोकिए बमोजिम आचरण, वा

(२) दफा १५ को (ख) बमोजिम नियुक्ति सदर भई कार्य सम्पादन गरिरहेको गाउँ प्रहरी ( वरिष्ठ समेत) को अनुसुची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।

(ख) दफा १६ मा जे उल्लेख भए पनि गाउँ प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः वदर हुनेछ ।

## परिच्छेद ४

## गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

**१७. गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार :**

(क) गाउँ प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हनेछ ।

(१) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी-पौवा, मठ मन्दिर, पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिका प्रशासनलाई गराउने ।

(२) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कार्यवाही चलाउने ।

(३) चुङ्गीकर छली ल्याएको, ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेट्टिएमा आवश्यक कार्यवाहीको लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने ।

(४) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

(५) छाडा चौपायाहरुलाई  कान्जी हाउस पुऱ्याउने कार्यमा सहयोग गर्ने ।

(६) सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने ।

(७) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धित वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(८) गाउँपालिका ऐन नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(९) गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुऱ्याउने ।

(१०) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(११) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(१२) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(१३) गाउँपालिकाको न्यायिक तथा मेलमिलाप कार्यमा आवश्यक सहयोग गर्ने ।

(१४) विपदका क्रममा घटनास्थलमा गई  व्यवस्थापनमा सहयोग गर्ने ।

(ख) वरिष्ठ गाउँ प्रहरीले नियम १७ को उपनियम (क) बमोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका गाउँ प्रहरीहरुको कार्यमा समन्वय ल्याउनुका साथै निरीक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विदा एवं पारिश्रमिक सम्बन्धि व्यवस्था

**१८. विदा सम्बन्धी व्यवस्था :**

(क) गाउँ प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा उपभोग गर्न पाउनेछन ।

(१) गाउँ प्रहरीले बर्षभरीमा जम्मा १२ दिन घर विदा पाउनेछन ।

(२) गाउँ प्रहरीले बर्षभरीमा जम्मा ६ दिन बिरामी विदा पाउनेछन ।

(३) गाउँ प्रहरीले बर्षभरीमा जम्मा ६ दिन भैपरी विदा पाउनेछन ।

(४) पुरुष गाउँ प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन ।

(५) महिला गाउँ प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा पाउनेछन ।

(६) गाउँ प्रहरीले आफ्नो कुल धर्म अनुसार किरिया बस्नु परेमा वा निजको परिवारमा काज किरिया गर्नको लागि सहोदर नाता सम्बन्धि व्यक्ति किरिया बसेमा काज किरियामा सघाउन र महिला गाउँ प्रहरीको हकमा निजको पति किरिया बस्नु परेमा जम्मा १५ दिन क्रिया विदा पाउनेछन ।

(ख) उपदफा (क) मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

(ग) उपदफा (क) मा उल्लेख भए अनुसारका विदाहरु अर्को बर्षको लागि सचिंत गर्न पाइने छैन ।

(घ) माथि जुनसुकै कुराहरु उल्लेख भएतापनि कुनै नियमित तथा आकस्मिक कार्यका लागि गाउँ कार्यपालिकाको कार्यालयले गाउँप्रहरीलाई जुनसुकै बेला कामकाजमा खटाउन सक्नेछ ।

**१९. पारिश्रमिक सम्बन्धि व्यवस्था :**

(क) गाउँ प्रहरीहरुको तलब/पारिश्रमिक देहाय बमोजिम हनेछ ।

(१) गाउँ प्रहरीहरुको मासिक तलब/पारिश्रमिक गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) वरिष्ठ गाउँ प्रहरीको मासिक तलब वा पारिश्रमिक उपनियम (क) को १ बमोजिम तोकिएको पारिश्रमिक भन्दा थप सुविधा पाउने गरी गाउँकार्यपालिकाले तोके बमोजिम हनेछ ।

(ख) गाउँ प्रहरीहरुले कुनै पनि विदा बचाए बापत थप पारिश्रमिक सुविधा पाउने छैनन् ।

(ग) गाउँ प्रहरीले १ बर्ष कार्य गरे पश्चात अर्को बर्ष कार्य गर्दा खाइपाइ आएको मासिक पारिश्रमिकको शत प्रतिशतले हुन आउने रकम चाडपर्व खर्च बापत आर्थिक सुविधाको व्यवस्था हुनेछ ।

(घ) गाउँ प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा सम्बन्धित वडा वा गाउँपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ ।

## <u>परिच्छेद ६</u>

## अनुगमन, कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण

**२०. अनुगमन :**

(क) गाउँपालिका तथा यसले ओगटेको भुभाग भित्र खटिएका गाउँ प्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ ।

(१) गाउँ प्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र गाउँ कार्यपालिकाको हकमा तहाँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछन ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले नियमित अनुगमन कार्य गर्नेछ ।

(३) गाउँपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका गाउँ प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) गाउँ कार्यपालिकाको कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(ख) गाउँ प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखाबाट तथा तोकिएको कर्मचारीबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाँच हुनेछ ।

२१. **कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण :**

(क) दफा २० उपदफा (क) को ३ र ४ बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकको अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि गाउँ प्रहरीको कार्य सम्पादन मुल्याकंन कार्य हुनेछ ।

(ख) दफा २१ को क अनुसार कार्य सम्पादन मुल्याकंन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई गाउँ कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(ग) दफा २१ को उपदफा क र ख अनुसार गाउँ प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा गाउँपालिका कार्यालयले गाउँ कार्यपालिकाको बैठकमा सिफारिश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाको बैठकबाट सिफारिश अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका प्रहरीको सेवा अवधि थप गर्नेछन ।

(ङ) गाउँ प्रहरीले आफु जुन वडा वा स्थानमा गाउँपालिकाद्धारा खटाइएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

(च) गाउँ प्रहरीको कार्य सम्पादन स्तरलाई उच्छृंखल हुन नदिन तोकिएको कार्यक्षेत्रका वडा कार्यालय र गाउँपालिका कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ ।

## परिच्छेद ७
## विविध

**२२. पोशाक :**

(क) गाउँ प्रहरी (वरिष्ठ समेत) को पोशाक गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) उपनियम (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन ।

(ग) गाउँ कार्यपालिकाको कार्यालयले पोशाक खर्च बापत गाउँ प्रहरी (वरिष्ठ समेत) लाई रकम उपलब्ध गराउन सक्नेछ ।

**२३. जिन्सी सामाग्री सम्बन्धमा :**

(क) गाउँ कार्यपालिकाको कार्यालयले दफा २२ को उपदफा क बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु गाउँ प्रहरी (वरिष्ठ समेत) लाई उपलब्ध गराउनेछ ।

(ख) गाउँ प्रहरी (वरिष्ठ समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

**२४. विदा सम्बन्धि थप व्यवस्था :**

(क) गाउँ प्रहरी (वरिष्ठ समेत) ले परिक्षण काल भरी परिच्छेद ५ को दफा १८ अनुसार पाउने विदा मध्ये घर विदा र बिरामी विदा पाउने छैन ।

(ख) परिक्षण काल समाप्त भए पश्चात उपदफा (क) अनुसार नपाइने विदा समेतलाई जोडी नियम १८ अनुसार नै विदाको सुविधा प्राप्त हुनेछ ।

**२५. उपदान सम्बन्धमा :**

(क) गाउँ कार्यपालिकाले गाउँ प्रहरी (वरिष्ठ समेत) ले लगातार ५ बर्ष सेवा गरे पश्चात उपदान स्वरुप कार्यपालिकाले तोके बमोजिम आर्थिक सुविधा दिन सक्नेछ ।

(ख) उपदफा क अनुसार गाउँ कार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्नेछ ।

**२६. राजिनामा सम्बन्धमा :**

(क) गाउँ प्रहरी (वरिष्ठ समेत) ले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा गाउँ कार्यपालिकाको कार्यालयमा आफुले कार्य छोडनु १ महिना अघि नै राजिनामा दिनु पर्नेछ ।

(ख) यदि दफा २६ को उपदफा क अनुसार राजिनामा नदिएमा सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी पाउने छैन ।

(ग) माथि उपदफा क र ख मा जे लेखेको भएपनि यदि गाउँ प्रहरी (वरिष्ठ समेत) ले असाध्य रोगव्याधिले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा वा निजको मृत्यु भएको खण्डमा निजले पाउनु पर्ने बांकी पारिश्रमिक गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

**२७. बिमा सम्बन्धमा :**

गाउँकार्यपालिकाले गाउँ प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बिमाको व्यवस्था गर्न सक्नेछ ।

**२८. ऐन नियमको पालना :**

गाउँ कार्यपालिकाको कार्यालयले यस नियमावली अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसँग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्यवाही गर्दा नेपालको संविधानको साथै देशमा विद्यमान रहेका ऐन नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्यवाही गर्नेछ ।

**२९. ज्यालादारी मा गाउँ प्रहरी नियुक्त गर्न सक्ने :**

(क) गाउँ कार्यपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत गाउँप्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) दफा २९ को उपदफा (क) अनुसार प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्ने कार्य गाउँ कार्यपालिकाको अनुमति लिइ प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ग) दफा २९ को उपदफा (क) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँ कार्यपालिका कार्यालय वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(घ) ज्यालादारीमा खटिएका गाउँ प्रहरीको पारिश्रमिक गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(ङ) यस दफा बमोजिम नियुक्त हुने गाउँ प्रहरीको नियुक्ति तथा काम कर्तव्य र अधिकार अन्य गाउँ प्रहरी सरह हुनेछ ।

**३०. प्रशासनिक व्यवस्थापन :**

यस कार्यबिधि अनुसार नियुक्त गरिएका सम्पुर्ण गाउँ प्रहरी (वरिष्ठ समेत) हरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

**३१. अख्तियारी सम्बन्धमा :**

यस कार्यविधिमा मा व्यवस्था गरिएका  दफाहरु, उपदफाहरु संसोधन एवं थपघट गर्ने सम्पुर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

@एमेलुर्खक गाँउपालिका

अनुसुची - १

## करार सम्झौताको नमुना फाराम
## (दफा २ को उपदफा झ संग सम्बन्धित)

करार सेवा सम्झौता पत्र

ऐसेलुखर्क गाउँकार्यपालिकाको कार्यालय र ......... जिल्ला, ......... गाउँ/नगरपालिका, वडा नं. ..... बस्ने श्री ................................ बीच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

ऐसेलुखर्क गाउँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र ............ जिल्ला ..................... गाउँ/नगरपालिका, वडा नं. ..... बस्ने ................................. को छोरा/छोरी बर्ष ....... को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बिच ऐसेलुखर्क गाउँपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि वरिष्ठ गाउँ प्रहरी/ गाउँ प्रहरी पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करारनामाको अवधि मिति २०७५। .... गतेबाट २०७६।... गतेसम्म जम्मा ..... महिनाको परीक्षण कालको हुनेछ ।
२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ..................... (अक्षरुपी ...........................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।
३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।
४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसँग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाँकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।
५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।
६. दोश्रो पक्षले गैह जिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्‍याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु ऐसेलुखर्क गाउँ प्रहरी ब्यबस्थापन कार्यबिधि ,२०७५ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।
८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष संगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।
९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ ।

१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| हस्ताक्षर : ……………………… | हस्ताक्षर ………………… |
| नाम थर :……………………… | नाम थर ………………… |
| दर्जा : प्रमुख प्रशासकीय अधिकृत | ……………गाउँ/नगरपालिका वडा नं….. |
| कार्यालयको छाप | |

इति सम्वत् २०७५ साल ………. महिना ……. गते ……………. रोज …….. शुभम् ।

@एसेलुर्क गाँउपालिका

अनुसुची - २

## गाउँपालिका गाउँ प्रहरीको लागि चाहिने न्युनतम योग्यता

**(दफा ६ र ९ संग सम्बन्धित)**

(क) गाउँ प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।

१) नेपाली नागरिक भएको ।

२) १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (महिलाको हकमा ४० बर्ष ननाघेको), अवकाशप्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

३) कम्तीमा ८ कक्षा उतिर्ण भएको ।

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के. जी. हुनुपर्ने । (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारीरिक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

(ख) वरिष्ठ गाउँ प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।

१) नेपाली नागरिकता भएको ।

२) २५ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

३) कम्तीमा  एस.एल.सि. वा सो सरह परिक्षा उतिर्ण भएको ।

४) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

५) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

@एसेलुख्क गाउँपालिका

अनुसुची - ३

## दरखास्त फारामको नमुना

(दफा ११ को उपदफा क संग सम्बन्धित)

| पासपोर्ट साईजको फोटो |
|---|

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :०५/०७५/०७६
आवेदन पेश गरेको कार्यालय :
व्यक्तिगत विवरण :

नाम थर :

जन्म मिति :

स्थायी ठेगाना :

बाबुको नाम : बाजेको नाम :

आमाको नामः

पेशा :

विवाहित वा अविवाहित :

शैक्षिक योग्यता : ................. उतिर्ण

नागरिकता नम्बर : नागरिकता जारी भएको मिति/जिल्ला

अनुभव भए सो को प्रतिलिपी :

संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :

१.
२.
३.
.....
......

| औंठा छाप | |
|---|---|
| | |
| दांया | बांया |

माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरु सही सांचो हुन । फरक परे कानून बमोजिम सहुँला बुझुँला ।

मितिः

निवेदकको हस्ताक्षर

अनुसुची - ४

## <u>प्रवेश पत्रको नमुना</u>

**(दफा ११ को उपदफा क संग सम्बन्धित)**

### परीक्षा प्रवेश पत्र

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :

**<u>सम्बन्धित कर्मचारीले भर्ने :</u>**

**यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ ।**

**मिति :**

..........................
**अधिकृतको दस्तखत**

........................................................................................................................

### परीक्षा प्रवेश पत्र

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :

**<u>सम्बन्धित कर्मचारीले भर्ने :</u>**

**यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ ।**

**मिति :**

..........................
**अधिकृतको दस्तखत**

अनुसुची - ५

## गाउँ प्रहरीमा हुनुपर्ने आचरण

**(दफा १६ को उपदफा (क) संग सम्बन्धित)**

गाउँ प्रहरीमा हुनुपर्ने आचरण देहाय अनसार रहेका छन ।

१. कुनै प्रकारको कुलतमा परेको नहुनु पर्ने,

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,

३. कुनै राजनैतिक पार्टीको सदस्य नहुनु पर्ने,

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध नहुनु पर्ने,

५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनु पर्ने,

६. ड्युटीमा खटिएको समयमा कुनै प्रकारको मादकपदार्थ सेवन गर्न नहुने र

७. ड्युटीमा खटिएको समयमा कोही व्यक्ति संग झगडा एवं रिसराग गर्न नहुने ।

@एसेलुख्र्क गाउँपालिका